# प्रेस विज्ञप्ती

## नेपाल बैंक लिमिटेडको नयाँ शाखा ललितपुरको खुमलटारमा

नेपाल बैंक लिमिटेडले ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. १४, खुमलटारमा नयाँ शाखा स्थापना गरेको छ । मिति २०८० वैशाख २७ गते बुधबार ललितपुर महानगरपालिकाका प्रमुख श्री चिरी बाबु महर्जन तथा नेपाल बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण बहादुर अधिकारीले संयुक्त रुपमा ताम्रपत्र अनावरण गरि शाखा समुद्घाटन गर्नुभएको हो । उक्त समाहरोह नेपाल बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण बहादुर अधिकारीको अध्यक्षतामा सु-सम्पन्न भएको हो । ललितपुर महानगरपालिकाका प्रमुख श्री चिरी बाबु महर्जन प्रमुख अतिथी रहनुभएको उद्घाटन समारोहमा नेपाल बैंक लिमिटेडका सहायक प्रमुख कार्यकारी अधिकृत श्री प्रकाश कुमार अधिकारी, बागमती प्रादेशिक कार्यालय प्रमुख श्री पासाङ दोर्जी शेर्पा, बजारीकरण तथा अनुसन्धान डिभिजन प्रमुख श्री बाबुराम काफ्ले, खुमलटार शाखाका शाखा प्रवन्धक श्री जय प्रकाश यादव तथा स्थानीय संघ संस्थाका प्रतिनिधि, ब्यापारी, ग्राहक तथा सर्वसाधारण नागरिकहरुको उपस्थिती रहेको थियो ।

कार्यक्रमका विशिष्ट अतिथि श्री कृष्ण बहादुर अधिकारीले स्थानीय जनता तथा संघ संस्थाहरुको धेरै पहिले देखिको अनुरोधलाई मनन गर्दै खुमलटार शाखा खोलिएको र ललितपुर महानगरपालिका वडा नं. १४, खुमलटार लगायत सम्पुर्ण ललितपुर महानगरपालिकाबासीलाई प्रतिष्पर्धात्मक माध्यमबाट सुलभ र सहज बैकिङ्ग सेवा दिने गरि नेपाल बैंक लिमिटेड आएको धारणा राख्नुभएको थियो । ललितपुर महानगरपालिकाका प्रमुख श्री चिरी बाबु महर्जनले नेपालको जेठो नगरपालिकाको रुपमा रहेको ललितपुर महानगरपालिकामा नेपालको जेठो बैंक नेपाल बैंक लिमिटेडको खुमलटार शाखाको आगमनको संयोगले खुमलटार र सम्पुर्ण महानगरपालिकाको आर्थिक क्षेत्रमा नयाँ उमङ्ग पलाएको र यसले महानगरपालिकाको वित्तीय पहुँच तथा आर्थिक वृद्धिमा कोसेढुङ्गाको भुमिका निर्वाह गर्नेमा आफु विश्वस्त रहेको धारणा राख्नुभयो । कार्यक्रममा ललितपुर महानगरपालिका वडा नं. १४ का अध्यक्ष श्री अमृत जंग महतले स्थानीय स्तरमा बैंकहरुको कमी नभएको भए तापनि नेपाल बैंकको आगमनले स्थानीय स्तरमा बैंकिङ्ग क्षेत्रको विश्वसनियता अभिबृद्धि गर्न महत्वपुर्ण भूमिका खेल्ने बताउँदै नेपाल बैंकलाई वडाको तर्फबाट सम्पुर्ण सहयोग रहने धारणा व्यक्त गर्नुभयो । कार्यक्रममा राष्ट्रिय बागवानी अनुसन्धान केन्द्रका वैज्ञानिक डा. सुरेन्द्रलाल श्रेष्ठ, आरोही विद्याकुञ्ज मन्टेश्वरी स्कुलका सञ्चालक श्री खड्क बहादुर खरेल तथा पुर्ण म्युजियम रिसोर्ट र पुर्ण उड कार्भिङ्ग, ललितपुरका सञ्चालक किरण कुमार स्थापितले नेपाल बैंकले खुमलटार क्षेत्रमा शाखा विस्तार गरेकोमा खुशी व्यक्त गर्दै बैंक तथा व्यवसायीको आपसी सहकार्य अपरिहार्य रहेको र नेपाल बैंकसँग सम्बन्ध विस्तार तथा सहकार्य र सहयोगका लागि सदैव तयार रहेको धारणा व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा नेपाल बैंक लिमिटेड, बागमती प्रादेशिक कार्यालयका प्रमुख श्री पासाङ दोर्जी शेर्पाले स्वागत मन्तव्य दिनुभएको थियो भने बजारीकरण तथा अनुसन्धान डिभिजनका प्रबन्धक श्री कृष्णहरि बुढाथोकीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । नेपालभर २२८ शाखाहरु, २०३ ए.टि.एम. साथै ५४ एक्सटेन्सन काउन्टर मार्फत करिब २३ लाख ग्राहकहरुलाई वित्तीय सेवा पुऱ्याइरहेको यो बैंक हाल ग्राहक सेवामा व्यापक सुधार गरी आधुनिक बैंकिङ्ग प्रविधि मार्फत सेवा प्रवाह गरी प्रतिस्पर्धी रुपमा अगाडी बढिरहेको छ ।

मिति : वि.स. २०८० वैशाख २७ गते बुधबार

भवदीय,

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय
प्रमुख कार्यकारी अधिकृतको कार्यालय

(प्रकाश कुमार अधिकारी)
प्रमुख सूचना अधिकारी